# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं माघ १ गते २०१२ साल

### पब्लिक सर्भिस कमिशनको विज्ञापन नं १६

शिक्षामन्त्रालयअन्तरगत अरुता पाठशालाको निमित्त एक शिक्षक चाहिएकोछ। योग्य उमेदवारहरूले प.स.क. दरखास्त फाराम नं १.(२०१०) मा आफ्नो बेहोरा स्पष्ट भरी २०१२ साल फाल्गुण २५ गते शुक्रबारसम्ममा तलको ठेगानामा पुग्ने गरी फी दस्तुर मोरु १। को नगद वा त्यतिको नेपाली टिकटसहित दरखास्त गर्नु होला। फी दस्तुर नभएका र म्याद नाघी दाखिल भएका दरखास्तउपर विचार हुनेछैन। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारामा पाउन पाइनेछ।

पदको विवरण यस प्रकारछ।—

१. पद:- मास्टर, स्थायी तथा पेन्सन पाइने ।
२. आवश्यक न्यूनतम योग्यता:-हिन्दी र भूगोल लिई आइ. ए. पास अथवा भूगोल लिई म्याट्रिक र हिन्दी लिई आइ. ए. पास ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मासिक तलब स्केल र भत्ता:- मो रु ७०-१२०। महँगो भत्ता मो रु१२।५०

४. काम:-श्रेस्ता पाठशालामा भूगोल र दरबार हाइस्कूलमा ग्रामर तथा कम्पोजिशन पढाउने ।

आज्ञाले

खड्गमान मल्ल,

सेक्रेटरी पब्लिक सर्भिसकमिशन.

सिंहदरबार काठमाडौं नेपाल.

गोरखापत्र छापाखानामा मुद्रित -मेनेजर प्रेमराज शर्मा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४६